# युवा सशसक्तिकरण (बुलगारी) परियोजना








सफल परियोजना
सन् २०२१

# युवा सशक्तिकरण (बुलगारी) परियोजना

-पीसविन (PeaceWin)

पीसविन र सेभ द चिल्ड्रेनको साझेदारीमा १ जनवरी २०१६ देखि ३१ मे २०२१ सम्म बाजुरा जिल्लाका बडीमालिका, बुढीगंगा र त्रिवेणी नगरपालिकाका १४ मा.वि., १२ युवा क्लब, १४ बाल क्लब र ४ वटा सहकारी संस्थासँग सहकार्य गरी "शिक्षा, सीप विकास र आर्थिक कार्यबाट बालवालिका र युवाहरुको जीवनमा सुधार ल्याई समावेशी तथा दिगो समाज विकास गर्ने" उद्देश्यले परियोजना संचालन भएको हो । **व्यक्तित्व विकासका** लागि बाल तथा युवा समूहहरुको गठन, क्षमता अभिबृद्धि, युवाहरुलाई **जीवनोपयोगी तथा वित्तीय शिक्षा, शिक्षा र सीप विकास**का लागि विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुको क्षमता विकास, विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना र टिकाउमा सहयोग, विद्यालयमा अतिरिक्त पाठ्यक्रम र सह-पाठ्यक्रमका गतिविधिहरु संचालनमा सहजीकरण र **आर्थिक सशक्तिकरणका लागि** घुम्ति कोषको व्यवस्थापन, उद्यम विकास, सीप विकास तालिम र स्वःरोजगार सृजना संचालन गरिएका थिए ।

## कार्यक्रम संचालन कार्यनीति

स्थानीय सरकारसँग समन्वय, सहकार्यमा परियोजनाका लक्षित समुदायको छनौट, पालिका तथा जिल्ला स्तरीय युवा, बाल क्लब गठन र विकास, पालिकास्तरीय परियोजना सल्लाहकार समितिको सहयोग, सरोकारवालाहरुको सहभागितामा अनुगमन, पीसविनका अन्तरपरियोजना र अन्य संस्थाका कार्यक्रमसँग कार्य एकीकृतिकरण, सामाजिक सवालहरुको मूलप्रवाहीकरण, नीतिगत पैरवी र प्रभाव कार्यनीति अबलम्बन गरिएको थियो ।

## परियोजनाका उपलब्धी

**क) व्यक्तित्व विकासः** जीवनोपयोगी तथा वित्तीय शिक्षा सीपमा सहभागी मध्ये ९२.६३% (सर्वेक्षण गरिएका ४७५) ले जीवनमा आईपर्ने भावनात्मक समस्या समाधान र आफ्नो लागि निर्णय लिने सीप विकास भै लागू गरेकाछन् । सहभागी बालबालिकाहरु मध्ये ९४.८९% (सर्वेक्षण गरिएका ३१३) सकारात्मक सल्लाह र जीवनोपयोगी सीप सम्बन्धी परामर्श कार्यक्रमबाट लाभान्वित भएकाछन् । बालक्लबको अगुवाईमा बालविवाह विरुद्धको अभियान संचालन भए ।

> **सरोकारवालाको भनाई**
>
> स्थानीय सरकारसँगको हातेमालोमा शुरु भएको समाज रुपान्तरणको अभियान पूर्ण सफल पार्न कार्यक्रम निरन्तरताका लागि पीसविन र सेभ द चिल्ड्रेनबाट सहयोगको अपेक्षा गर्दछु ।
>
> \- *श्री राधीका सुनार, उप-प्रमुख, त्रिवेणी नगरपालिका, बाजुरा*
>
> परियोजनाको ससहयोगमा मैले तालिम प्राप्त गरी बाजुरामा रबर चप्पल उद्योग संचालन गरिरहेकी छु । हाल उद्योगमा पाँच जना युवाले पूर्ण रोजगार छौं ।
>
> *- श्री किट्टी देवी महत, सृष्टि चप्पल उद्योग*

**ख) शिक्षा र सीप विकासः** वडीमालिका, बुढीगंगा र त्रिवेणी नगरपालिकाको शिक्षा नीति, युवा र जीविकोपार्जन रणनीतिक योजना बनाई कार्यान्वयन गरेको छ । यी नीति कार्यान्वयनका लागि वडीमालिकले ५० लाख र बुढीगंगा नगरपालिकाले युवा लक्षित "तपाईको मेहनत, हाम्रो लगानी" कार्यक्रमका लागि एक करोड बजेट विनियोजन गरेकोछ । कार्यक्षेत्रका विद्यालयमा माद्यमिक तह पूरा गर्ने दर ९१.३४% बाट बृद्धि भएर ९४.१९% पुगेको छ । विद्यालय छोडेका ४२ जना पुनःभर्ना गरी

छात्रवृत्ति सहयोग गरेर कक्षा ८ बाट माद्यमिक तह पूरा गरे । बडीमालिका नगरपालिका भित्रका २८ वटा सहकारी संस्था बालसंवेदनशील व्यवहार सहकारीको रुपमा विकास भएका छन् । जिल्लाका निजी व्यापारी, उद्योगले ४ जना माद्यमिक तहका विद्यार्थीलाई सन् २०१९ देखि २०२१ सम्मका लागि बार्षिक जनही दश हजारको छात्रवृत्ति प्रदान गरेकाछन् । १४ वटा विद्यालयमा एक लाखको गरिब बालशिक्षा अक्षय कोष स्थापना गरिएकोछ ।

**ग) आर्थिक सशक्तिकरण:** परियोजनाको सहकार्यमा चार वटा सहकारीले बार्षिक मुनाफाको ५%

> **सफल सरोज**
>
> **पहिलेको अवस्था :**
> एसएलसि उत्तिर्ण नभएर भारतमा चौकिदारीको काम गरे । अपाङ्ग भएका कारण अरु जस्तै काम गर्न चुनौती थियो । परिवार संख्या धैरै भएका कारण दैनिक हातमुख जोर्न समस्या हुन्थ्यो ।
>
> **परियोजनाको सहजिकरण:**
> ७ दिने लघु उद्यम र ३ महिने जुत्ता, चप्पल सिलाई तालिम गरायो । सहकारी मार्फत घुम्ति कोष उपलब्ध गराए पश्चात जुत्ता, चप्पल सिलाई व्यवसाय संचालन ।
>
> **परिवर्तन :**
> दैनिक एक हजार देखि १५ सयसम्म आम्दानी । घर खर्च र दुई जना भाइ-बहिनीको क्याम्पसको शुःल्क व्येहोर्न सहयोग पुगेको छ । जिल्ला भित्र र जिल्ला बाहिर जुत्ता, चप्पल सिलाई तालीममा श्रोत व्यक्तिमा परिचालित । अन्तराष्ट्रिय युवा दिवस २०२१ मा बाजुरा जिल्लाको सफल उद्यमी सम्मान प्राप्त ।

रकम बालअनुदान कोष खातामा जम्मा गर्दछन् । तीन महिने व्यवसायिक सीप तालिम प्राप्त मध्ये ८७.९७ % (२५२ जना तालिम प्राप्त मध्ये सर्वेक्षण गरिएका १५८) युवाले नियमित रोजगार प्राप्त गरेकाछन् । ९६ जना तालिम प्राप्त युवाले घरेलु विकास समितिमा उद्योग दर्ता गरेकाछन् । तालिम प्राप्त मध्ये ८८.१६% (सर्वेक्षण १५२) युवाले आफ्नै व्यवसाय संचालन गरी २४ जनालाई थप रोजगारी सृजना गरेकाछन् । अटोरिक्सा तालिम उपलब्ध गराएर बाजुरामा पहिलो पटक अटोरिक्सा संचालन गरी युवाले रोजगार पाए । सिलाई-कटाई, गाडी मर्मत, कुखुरा पालन, टाईल लगाउने, कपाल काट्ने, फर्निचर निर्माण लगायतका तालिमबाट १८५ परिवारले प्रत्यक्ष रोगजार पाएका छन् । बाढीपहिरोबाट पीडित ७१ परिवार पुनःस्थापना भए ।

## निष्कर्ष

युवा स्वःरोजगार र माद्यमिक शिक्षाको निरन्तरताका लागि नमुना परियोजना हो । बालविवाह गर्ने, विद्यालय छोड्ने दर माद्यमिक तहमा बढि भएकोले यसलाई हटाउन माद्यमिक विद्यालय लक्षित कार्यक्रम प्रभावकारी रह्यो । स्थानीय बजार र उपभोक्ता सुहाउँहो उद्यम व्यवसाय प्रबर्द्धनमा सहयोग भएकोले सफल भएको पाइन्छ । यो पाँच वर्षको अवधिमा रु. ४,००४५,१७१/५६ लगानी गरेकोछ । स्थानीय सरकार, सरकारी निकाय (घरेलु तथा साना उद्योग विकास समिति) सहयोगी संस्थाले उपयुक्त सहभागी छनौट देखि संयुक्त रुपमा काम गर्दा सकारात्मक प्रभाव पार्छ ।

## संस्था परिचय

पीसविन वि.सं. २०४७ मा बाजुराको ओलीगाउँका प्रति परिवार एक सयले रु. ५,३००/- संकलन गरी “वडा विकास कोष” स्थापना भै २०४९ पौष ५ गते जिल्ला प्रशासन कार्यालयमा दर्ता भएकोसामाजिक विकास संस्था हो । महिला, युवा नेतृत्व, बालअधिकार, वातावरण, गुणस्तरीय शिक्षा, सामाजिक न्यायका लागि सुदूरपश्चिम र गण्डकी प्रदेशमा क्रियाशील छ । प्रधान कार्यालय बाजुराको मार्तडीमा छ । ०९७५४१११३ peacewin1990@gmail.com, www.peacewin.org.np